# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८१/८२

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

## वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय

धनगढी, कैलाली

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीको
# आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि :

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य विभागको मातहतमा ५ विकास क्षेत्रमा भारततिर मुख्य नाकाहरु भएको स्थानहरुमा वाणिज्य सम्बन्धी प्रशासनिक कार्य सञ्चालन गर्ने र मन्त्रालय तथा विभागका नीति निर्देशन कार्यान्वयन गर्ने पाँच विकास क्षेत्रमा ११ वटा वाणिज्य कार्यालयहरु स्थापना गर्ने नीति अनुसार सुदुरपश्चिम विकास क्षेत्रमा वाणिज्य प्रशासन सम्बन्धी काम गर्न वाणिज्य कार्यालय, धनगढीको नामबाट २०५० साल श्रावण १ गते कैलाली जिल्लाको धनगढी नगरपालिकामा स्थापना भई हाल २०७५।४।१ देखि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयको नामबाट कार्यालय सञ्चालन भई रहेको छ ।

## २. कार्यक्षेत्र तथा सम्पादन हुने मुख्य मुख्य कार्यहरु :

साविकमा स्थानीय व्यापारको उद्देश्य राखी दर्ता हुने सबै प्राइभेट तथा साझेदारी फर्मको हकमा कैलाली जिल्ला र आयात निर्यातको उद्देश्य तथा इजाजत आवश्यक पर्ने फर्महरूका हकमा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरू कार्यालयको कार्यक्षेत्रभित्र पर्ने गरेकोमा प्रदेश संरचना स्थापना पश्चात स्थानीय व्यापारको उद्देश्यले दर्ता भएका तथा हुन आउने सबै व्यापारिक फर्महरुको प्रशासनिक कार्यजिम्मेवारी प्रदेश सरकारमा हस्तान्तरण कार्य भइसकेको छ । साथै सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरूको बजार अनुगमन गर्ने तथा उपभोक्ता हित संरक्षण गर्ने गरी यस कार्यालयका प्रमुखलाई निरीक्षण अधिकृत तोकी जिम्मेवारी समेत दिइएको छ। यस कार्यालयवाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम फर्म दर्ताका लागि प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु गर्ने,
- साझेदारी फर्म ऐन, २०२० बमोजिम फर्म दर्ताका लागि प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु गर्ने, दर्ता भएका सबै फर्महरूको आवधिक नवीकरण, नामसारी, ठाउँसारी, उद्देश्य तथा पुँजी संशोधन गर्ने र खारेजी सम्बन्धी कार्यहरु गर्ने,
- कम्पनी ऐन अन्तर्गत दर्ता भई व्यापारमूलक उद्देश्य भएका कम्पनीहरुलाई आयात निर्यातका लागि व्यापार इजाजत प्रदान, संशोधन, खारेजी लगायतका कार्य गर्ने
- उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६, बजार अनुगमन निर्देशिका, २०७९ र अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही उपभोक्ता हितका लागि बजार अनुगमनको कार्य गर्ने निरीक्षण अधिकृतको हैसियतले व्यवसायको अनुगमन, निरीक्षण, जाँचबुझ, खानतलासी, नमुना सङ्कलन र परीक्षण गराउने । आवश्यकता अनुसार कारोबार रोक्का राख्ने,

अनुसन्धान तहकिकात गरी सरकारी वकिलको राय परामर्शमा सम्बन्धित अदालतमा मुद्दा दाबी गर्ने, पुनरावेदन गर्ने,

- बजार अनुगमनबाट कैफियत देखिएका व्यवसायीहरुलाई प्रचलित अन्य नेपाल कानुन बमोजिम कारवाही गर्नुपर्ने देखिएमा प्रारम्भिक अनुसन्धान तहकिकातका लागि सम्बन्धित नियामक निकायमा आवश्यक कारबाहीका लागि अनुरोध गरी पठाउने,
- उपभोक्ता हितका लागि विभिन्न नियामक निकायहरूबीच समन्वय र सहकार्य गर्ने,
- आम उपभोक्ता एवं विद्यार्थीहरूलाई लक्षित गरी उपभोक्ता शिक्षा तथा जागरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी उपभोक्ताहरूमा जागरुकता ल्याउने र उपभोक्ता हित प्रवर्धन गर्ने,
- स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका कार्यहरु तथा केन्द्रीय निकायहरुवाट समय समयमा तोकियका अन्य कार्यहरु संचालन र सम्पादन गर्ने ।
- विभिन्न उपभोग्य वस्तुहरुको मूल्यसूची मासिक रुपमा संकलन गरी विभागमा पठाउने ।

## ३. कार्यालयको भौतिक अवस्था र अवस्थिति :

- जिल्ला कैलाली, धनगढी उ.म.न.पा. वडा नं. १ मा नैनादेवी चोक नजिक मुख्य सडकको उत्तरतिर यो कार्यालय अवस्थित छ ।
- कार्यालयको भवन तथा भवनले चर्चेको जग्गाको धनी नेपाल सरकार भई भोगाधिकार यस कार्यालयको नाममा रहेको छ ।

## ४. दरबन्दी र पदपुर्तिको विवरण :

४.१ दरबन्दी : यस कार्यालयको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पद, श्रेणी | प्रशासन | प्राविधिक | कुल | पदपूर्ती | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख, रा.प. द्वितीय | १ | - | १ | १ | उपभोक्ता अदालतमा काज |
| २ | शाखा अधिकृत, रा.प. तृतीय | १ | - | १ | १ | |
| ३ | नायब सुब्बा, रा.प. अनं प्रथम | २ | - | २ | २ | |
| ४ | लेखापाल, रा.प. अनं प्रथम | १ | - | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर, रा.प. अनं प्रथम | - | १ | १ | १ | |
| ६ | खरिदार, रा.प. अनं द्वितीय | १ | - | १ | १ | |
| ७ | कार्यालय सहयोगी | २ | - | २ | १ | |
| ८ | हलुका सवारी चालक | | - | | १ | अस्थायी |
| | जम्मा | ८ | १ | ९ | ८ | |

कार्यालय प्रमुख

४.२ हाल कार्यरत कर्मचारीहरुको विवरण :

| क्रम संख्या | पद | श्रेणी | कर्मचारीको नाम, थर | सेवा/ समुह | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | रा.प. तृतीय | सुरेश प्रसाद जैसी | प्रशासन/सामान्य प्रशासन | |
| २ | नायब सुब्बा | रा.प.अनं. प्रथम | तारामान रावल | प्रशासन/सामान्य प्रशासन | |
| ३ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नर राज पाण्डे | प्रशासन/सामान्य प्रशासन | |
| ४ | लेखापाल | रा.प.अनं. प्रथम | पुष्पा भट्ट | प्रशासन/लेखा | |
| ५ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | सत्यराज जोशी | विविध | |
| ६ | खरिदार | रा.प.अनं. द्वितीय | चन्दा भण्डारी | प्रशासन/सामान्य प्रशासन | |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहीन | फिर बहादुर चौधरी | प्रशासन/सामान्य प्रशासन | |
| ८ | हलुका सवारी चालक | श्रेणीविहीन | विक्रम थापा | | सेवा करार |

५. लक्ष्य तथा प्रगति विवरण :

| सि.नं. | खर्च शिर्षक | शुरु बजेट | रोक्का बजेट | रोक्का पछिको बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | १२७००००० | ३४२५०० | १२३५७५०० | ९४८४३९१ | ७७ |
| २ | पूँजीगत खर्च | २०२०००० | २००००२ | १८१९९९८ | १६१३३९४ | ८९ |
| ३ | संचित बिदा | ६९३८३० | - | ६९३८३० | ६९३८३० | १०० |
| ४ | उपचार खर्च | ९३८५४७ | - | ९३८५४७ | ९३८५४७ | १०० |
| ५ | कुल जम्मा खर्च (चालु र पुँजीगत) | १४७२०००० | ५४२५०२ | १४१७७४९८ | ११०९७७८५ | ७८ |

नोट : बजेट रोक्का बाहेकको रकमको आधारमा खर्च प्रतिशत निकालिएको ।

६. संकलित राजस्वको विवरण

| क्र सं | राजस्व शिर्षक नं | राजस्व शिर्षक | जम्मा रकम |
|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७,११० |
| २ | १४२५१ | कम्पनी रजिष्ट्रेशन दस्तुर | ९,६४,३१० |
| ३ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १,२५,००० |
| ४ | १५१११ | बेरुजु | ० |
| | | जम्मा रकम | १०,९६,४२० |

**९. बजार अनुगमन तथा निरीक्षणको विवरण/प्रतिवेदन** (बजार अनुगमन निर्देशिका २०७९ को अनुसूची५ बमोजिम) :

यस कार्यालयले एकल तथा संयुक्त रुपमा गरेको बजार अनुगमन तथा निरीक्षणको त्रैमासिक विभाजन सहितको वार्षिक संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ । यस कार्यालयको स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा ६०० वटा फर्मको अनुगमन गर्ने वार्षिक लक्ष्य निर्धारण गरिएकोमा असार मसान्तसम्म कुल ६०५ वटा फर्मको अनुगमन गरिएको छ । साथै निर्देशिकाको अनुसुची ५ बमोजिम व्यवसायीलाई मासिक रुपमा गरिएको कारवाहीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## आ.ब. ०८१/८२ को बजार अनुगमन सम्बन्धी त्रैमासिक विभाजन सहितको वार्षिक प्रतिवेदन

| क.सं. | व्यवसायीलाइ भएको कारवाहिको विवरण | ०८१ श्रावण | ०८१ भाद्र | ०८१ आश्विन | प्रथम त्रैमासिक को जम्मा | ०८१ कार्तिक | ०८१ मंसिर | ०८१ पौष | दोस्रो त्रैमासिकको जम्मा | ०८१ माघ | ०८१ फागुण | ०८१ चैत्र | तेस्रो त्रैमासिकको जम्मा | ०८२ बैशाख | ०८२ जेठ | ०८२ असार | चौथो त्रैमासिकको जम्मा | कुल जम्मा (वार्षिक) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुल अनुगमन भएका फर्म संख्या | ५२ | ७० | १०८ | २३० | ६३ | ६६ | २६ | १५५ | ३६ | ३१ | ५९ | १२६ | ३७ | २६ | ३१ | ९४ | ६०५ | |
| २ | सामान्य अवस्था रहेको | २५ | १५ | १५ | ५५ | ५ | १२ | १ | १८ | १६ | १ | ५ | २२ | ४ | ० | ५ | ९ | १०४ | |
| ३ | सामान्य कैफियतमा तत्काल सुधार गराइएको वा सुधार गर्न निर्देशन दिएको | ८ | ४५ | ७३ | १२६ | ४८ | ४१ | १६ | १०५ | १८ | २४ | ४६ | ८८ | ३१ | १६ | १५ | ६२ | ३८१ | |
| ४ | खान अयोग्य वा म्याद सकिएकाले तत्काल नष्ट गर्न लगाइएको रकम रु. | २१६२० | १३५०० | ५८१३३ | ९३२५३ | १६२०४ | ४४७४५ | २११२९ | ८२०७८ | २७३४१ | १४७५५ | १५१५५ | ५७२५१ | ५४३० | २०५० | ८४५ | ८३२५ | २४०९०७ | |
| ५ | अत्यावश्यक कागजात वा स्पष्टिकरण पेश/बयान गर्न बोलाइएको | १९ | ७ | १५ | ४१ | ७ | १२ | ९ | २८ | १ | ६ | ६ | १३ | २ | ८ | ९ | १९ | १०१ | |
| ६ | जरिवाना गरेको फर्म संख्या | ० | ३ | ५ | ८ | ३ | १ | ० | ४ | ० | ० | २ | २ | ० | २ | २ | ४ | १८ | |
| ७ | जरिवाना रकम रु. | ० | १५००० | २७००० | ४२००० | ३३००० | १०००० | ० | ४३००० | ० | ० | १०००० | १०००० | ० | १५००० | १५००० | ३०००० | १२५००० | |
| ८ | परिक्षणको लागि नमुना लिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | १ | |
| ९ | कारोबार रोक्का वा सिलबन्दि गरिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १० | व्यक्ति वा संस्था नियन्त्रण लिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ११ | अभियोजनमा लगिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |

प्र. कार्यालय प्रमुख

८. वाणिज्य व्यवसाय सम्बन्धी विवरण :

आ.व. ०८१।८२ मा यस कार्यालयमा दर्ता तथा नियमन कार्य भएका वाणिज्य व्यवसाय सम्बन्धी त्रैमासिक विभाजन सहितको वार्षिक विवरण देहाय बमोजिम रहेको छ ।

आ.व. २०८१।८२ को त्रैमासिक विभाजन सहितको वार्षिक प्रतिवेदन

| क्र. सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो चौमासिक | | कुल जम्मा (वार्षिक) | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्राप्त राजश्व | संख्या | प्राप्त राजश्व | संख्या | प्राप्त राजश्व | संख्या | प्राप्त राजश्व | संख्या | प्राप्त राजश्व | |
| १ | प्राईभेट फर्म दर्ता | १४ | २५४०० | ६ | ६६०० | ११ | २१६०० | १० | १४६०० | ४१ | ६८२०० | |
| | प्राईभेट फर्म नविकरण | ५३ | ८७२०५ | ५१ | ७५३०० | ४० | ६३९०० | ४० | ५८५०० | १८४ | २८४९०५ | |
| | प्राईभेट फर्म संशोधन | ७३ | ३५१०० | २५ | १६६०० | ३० | २२१०० | ४१ | ५१३०० | १७० | १२५२०० | |
| | प्राईभेट फर्म खारेज | २ | २०० | २ | २०० | ३ | ३०० | २ | २०० | ९ | ९०० | |
| | प्राईभेट फर्म प्रतिलिपि | ८ | २२०० | ७ | १९०० | ८ | २००० | १४ | ३९०० | ३७ | १०००० | |
| | प्राईभेट फर्म स्थानान्तरण | ० | ० | ० | ० | १ | १०० | १ | १०० | २ | २०० | |
| २ | साझेदारी फर्म दर्ता | ० | ० | ० | ० | ० | ० | १ | ७५०५ | १ | ७५०५ | |
| | साझेदारी फर्म नविकरण | ७ | २१५० | २ | ८०० | ६ | २२११० | ३ | ८५० | १८ | २५९१० | |
| | साझेदारी फर्म संशोधन | २ | ३०० | १ | १०० | १ | १०० | ३ | ३०० | ७ | ८०० | |
| | साझेदारी फर्म खारेज | ० | ० | ० | ० | १ | १०० | १ | १०० | २ | २०० | |
| | साझेदारी फर्म प्रतिलिपि | १ | ३०० | ० | ० | १ | ३०० | ० | ० | २ | ६०० | |
| | साझेदारी फर्म स्थानान्तरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ३ | कम्पनी फर्म दर्ता | ६ | १३०६०० | २ | ६०२०० | ४ | २५४०० | ४ | २२५४०० | १६ | ४४१६०० | |
| | कम्पनी फर्म संशोधन | १ | ५१०० | १ | १०० | १ | १०० | ० | ० | ३ | ५३०० | |
| | कम्पनी फर्म खारेजी | ० | ० | ० | ० | ० | ० | १ | १०० | १ | १०० | |
| ४ | दण्ड जरिवाना | ८ | ४२००० | ४ | ४३००० | २ | १०००० | ४ | ३०००० | १८ | १२५००० | |
| | कुल जम्मा | १७५ | ३३०५५५ | १०१ | २०४८०० | १०९ | १६८११० | १२४ | ३९२७५५ | ५११ | १०९६४२० | |

## ९. अभिलेख हस्तान्तरण तथा अद्यावधिक

प्रदेश भित्रको व्यापार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने संवैधानिक प्रावधान अनुसार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च नं १४२ मिति २०८०।०४।३१ को सक्कल फाइल तथा कार्यजिम्मेवारी हस्तान्तरण सम्बन्धी पत्र बमोजिम यस कार्यालयले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई पत्र लेखि अनुरोध गरेपश्चात उक्त मन्त्रालयले प्रदेश सरकारको घरेलु तथा साना उद्योग कार्यालय कैलालीलाई स्थानीय व्यापारका उद्देश्यले दर्ता तथा नियमन भईराखेका फर्महरुमध्ये २३८२१ वटा प्राईभेट तथा २३६ वटा साझेदारी फर्महरु घरेलु तथा साना उद्योग कार्यालय कैलालीमा हस्तान्तरण गत आर्थिक वर्षमा नै सम्पन्न गरिसकेको छ । ती फर्महरुको डिजिटल अभिलेख भने उक्त कार्यालयको फर्म व्यवस्थापन सूचना प्रणालीमा आबद्धता नभएकोले हस्तान्तरण हुन सकेको छैन । आर्थिक वर्ष २०८१।८२ मा यस कार्यालयमा रहने अन्तराष्ट्रिय व्यापार उद्देश्य भएका व्यापारिक फर्म तथा कम्पनीहरुको अभिलेख अद्यावधिक गर्ने तथा फाइल व्यवस्थित गर्ने काम सम्पन्न भएको छ । हस्तान्तरण कार्य सम्पन्न भए पछि २०८२ असार मसान्तसम्म यस कार्यालयको नियमन क्षेत्राधिकार भित्र पर्ने फर्महरुको विवरण यसप्रकार रहेको छ ।

| क्र.सं. | उद्देश्य | प्राईभेट | | | साझेदारी | | | कम्पनी | | | कुल जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुरु दर्ता भएका | हस्तान्तरण भई आएका | जम्मा | शुरु दर्ता भएका | हस्तान्तरण भई आएका | जम्मा | शुरु दर्ता भएका | हस्तान्तरण भई आएका | जम्मा | | |
| १ | स्थानीय व्यापार तथा भारत आयात | ५६५ | ६३ | ६२८ | २९ | ० | २९ | ७ | ० | ७ | ६६४ | |
| २ | स्थानीय व्यापार तथा भारत आयात निर्यात | ६४ | १८ | ८२ | २ | ० | २ | ३ | ० | ३ | ८७ | |
| ३ | स्थानीय व्यापार भारत तथा समुन्द्रपार आयात | ३३ | ७ | ४० | २ | १ | ३ | ११ | ० | ११ | ५४ | |
| ४ | स्थानीय व्यापार भारत तथा समुन्द्रपार आयात निर्यात | १०८ | १९ | १२७ | १५ | ० | १५ | १३ | ० | १३ | १५५ | |
| ५ | स्थानीय व्यापार तथा समुन्द्रपार आयात | १७ | १ | १८ | १ | ० | १ | १ | ० | १ | २० | |
| ६ | भारत तथा समुन्द्रपार आयात निर्यात | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| ७ | भारत तथा समुन्द्रपार आयात | १२ | १ | १३ | १ | ० | १ | ० | ० | ० | १४ | |
| ८ | भारत आयात निर्यात | ११ | १ | १२ | ० | ० | ० | ० | ० | ० | १२ | |
| ९ | समुन्द्रपार आयात निर्यात | १० | २ | १२ | ० | ० | ० | ० | ० | ० | १२ | |
| १० | भारत आयात | ३० | ३ | ३३ | ५ | ० | ५ | ० | ० | ० | ३८ | |
| ११ | भारत निर्यात | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| १२ | समुन्द्रपार आयात | ८ | १ | ९ | १ | ० | १ | ० | ० | ० | १० | |
| १३ | समुन्द्रपार निर्यात | ० | १ | १ | १ | ० | १ | ० | ० | ० | २ | |
| | कुल जम्मा | ८६० | ११७ | ९७७ | ५७ | १ | ५८ | ३५ | ० | ३५ | १०७० | |

## १०. सम्पन्न कार्यक्रमहरु

### क. विश्व उपभोक्ता अधिकार दिवस २०८१

उपभोक्ता अधिकारको सन्दर्भमा बढीभन्दा बढी सर्वसाधारणमा सचेतना अभिवृद्धि गर्न तथा सरोकारवालाहरुबीच उपभोक्ता अधिकारका सवाललाई सबलीकरण गर्ने हेतुले यो कार्यक्रम राखिएको हो । यस आर्थिक वर्ष २०८१।८२ मा सदा झै मार्च १५ तारिखका दिन विविध कार्यक्रम गरी यो दिवस मनाइएको थियो । प्रदेश सरकारको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र यस कार्यालयले संयुक्त रुपमा आयोजना गरी यो कार्यक्रम मनाइयो । दिवसको पूर्व सन्ध्यामा धनगढी उपमहानगरपालिकाको वडा नम्बर १८ को वडा कार्यालयमा सर्वसाधारण लाई उपभोक्ता सचेतना प्रदान र धनगढीका मुख्य सडकमा ३ दिन सम्म उपभोक्ता हक अधिकारसम्बन्धी जिङ्गल प्रसारण गरिएको थियो भने दिवसका दिन संघ, प्रदेश र स्थानीय सरकारका सरोकारवाला, उपभोक्ता अधिकारकर्मी तथा स्थानीय पत्रकारहरुसँग अन्तरक्रिया गरिएको थियो ।

### ख. विद्यालय तथा कलेजमा उपभोक्ता शिक्षा कार्यक्रम :

माध्यमिक विद्यालय तथा कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई उपभोक्ता शिक्षाका कार्यक्रम सञ्चालन गर्दा विद्यार्थीहरुमा उपभोक्ता अधिकार तथा स्वास्थ्य चेतना पैदा भई घरपरिवार तथा टोलछिमेकमा उपभोक्ता जागरण पैदा हुने हेतुले यो कार्यक्रम सञ्चालन गरिएको हो । यस आर्थिक वर्षमा कैलाली, कञ्चनपुर र अछामका विभिन्न २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । भरसक सबै स्थानीय तहमा कम्तीमा पनि एक एक विद्यालयमा यो कार्यक्रम गर्ने गरी कार्यक्रम गरिएको थियो । यस आर्थिक वर्षमा तीन जिल्लाका २० विद्यालय तथा कलेजका ५३१ छात्रा तथा ४५१ छात्र गरी ९८२ जना विद्यार्थीलाई सम्बन्धित विद्यालयमै गई उपभोक्ता शिक्षा प्रदान गरिएको छ ।

### ग. स्थानीय तहसँग बजार अनुगमनसम्बन्धी अन्तरक्रिया कार्यक्रम

उपभोक्ता अधिकारको संरक्षणका लागि तीन तहका सरकारकै अधिकार र कार्यक्षेत्र रहेको वर्तमान सन्दर्भमा स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएकोले प्रत्यक्ष रुपमा जनतासँग सम्पर्कमा रहेको हुन्छ । उपभोक्ता अधिकार प्रचलनका लागि स्थानीय तहलाई बढीभन्दा बढी क्रियाशिल गराउनका लागि सम्बन्धित स्थानीय तहलाई यथार्थबोध गराउने, एक-अर्का स्थानीय तहले बजार अनुगमन र उपभोक्ता अधिकारका क्षेत्रमा गर्दै आएका प्रयास तथा गतिविधिहरुलाई साटासाट गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो । यस कार्यालयले पहिलो पटक यो कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा संघ सरकार, प्रदेश सरकार र स्थानीय तहका उपभोक्ता अधिकार र बजार अनुगमनमा प्रत्यक्ष रुपमा सरोकार राख्ने निकायको सहभागिता रहेको थियो । स्थानीय तहका उपमेयर/उपाध्यक्ष तथा बजार अनुगमन हेर्ने शाखाका कर्मचारीलाई सहभागिता गराई संघ, प्रदेश र स्थानीय सरकारका अनुभव आदानप्रदान गरिएको थियो । कार्यक्रमका दौरान सहभागीहरुले यस्ता खालका कार्यक्रम निरन्तर आयोजना गर्नु उपयुक्त हुने असल अभ्याशको अनुसरणमा सहयोग पुग्ने र बजार अनुगमनमा तीन तहकै संयुक्त प्रयास जरुरी हुने धारणा

राखुभएको थियो । यस आर्थिक वर्ष २०८१।०८२ मा ४ वटा कार्यक्रम गर्ने लक्ष्य भएतापनि केही बजेट रोक्का भएकोले ३ वटा मात्र कार्यक्रम सम्पन्न भएका छन । कार्यक्रमको विस्तृत विवरण तालिकामा देखाईएको छ ।

| कार्यक्रम भएको मिति | कार्यक्रममा सहभागिता | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| २०८१।११।२१ | संघ प्रदेश र कञ्चनपुर जिल्लाका सबै स्थानीय तहका सरोकारवाला | ५० | |
| २०८२।०३।१६ | संघ प्रदेश र कञ्चनपुर जिल्लाको लालझाडी गाउपालिकाका सरोकारवाला | ३५ | |
| २०८२।०३।२७ | संघ प्रदेश र कैलाली जिल्लाका सबै स्थानीय तहका सरोकारवाला | ३४ | |
| | जम्मा | ११९ | |

## घ. उद्योग वाणिज्य सम्बद्ध संघ/संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम

व्यापार व्यवसाय नियमनको परिवर्तित अवस्था सम्बन्धी अभिमुखीकरण र उपभोक्ता अधिकार संरक्षणमा निजी क्षेत्र (उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता तथा सेवा प्रदायक) को भूमिका सम्बन्धी अन्तरक्रिया गर्ने उद्देश्यले यो कार्यक्रम तय गरिएको हो । यो कार्यक्रममा विभिन्न बजार क्षेत्र तथा स्थानीय तहमा क्रियाशिल उद्योग/व्यापारसम्बद्ध संघसंस्थाहरुसँग यो कार्यक्रम गरिएको छ । आर्थिक वर्ष २०८१।०८२ मा ४ वटा कार्यक्रम गर्ने लक्ष्य अनुरुप ४ वटै कार्यक्रम सम्पन्न गर्न कार्यालय सफल भएको छ । कार्यक्रममा व्यापार व्यवसाय नियमनको क्षेत्राधिकारबारे जानकारी पाइएको र उपभोक्ता अधिकार प्रचलनमा उद्योग/वाणिज्य संघको प्रशस्त भूमिका हुनेबारे उद्योगी/व्यापारी सचेत भएका थिए भने उद्योगी व्यवसायीहरुले यस्ता खालका कार्यक्रमले नियमनकारी निकाय र छातासंगठनहरुबीच समय समयमा अन्तरक्रिया हुँदा स्पष्ट निर्देशन र जानकारीको प्रवाह हुने कुरा पृष्ठपोषणको रुपमा प्राप्त भएको थियो । साथै कार्यक्रमका सहभागीहरुले बजार अनुगमनमा आफ्नो छाता संगठनलाई पनि सहभागी गराउनुपर्ने तथा धेरै थरीका टोलीबाट बजार अनुगमन हुनुभन्दा पनि संयुक्त रुपमा भए राम्रो हुने कुरा राखुभएको थियो । बजार अनुगमनलाई कार्बाही लक्षित बनाउनुभन्दा सचेतनामूलक बनाउदा उपयुक्त हुने धारणा समेत व्यक्त भएको थियो । यस कार्यक्रमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| कार्यक्रम भएको मिति | कार्यक्रममा सहभागिता भएको संस्था | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| २०८१।१२।०८ | घोडाघोडी उद्योग वाणिज्य संघ, कैलाली | ४६ | |
| २०८२।०३।०७ | गोदावरी उद्योग वाणिज्य संघ, कैलाली | ३५ | |
| २०८२।०३।२१ | लम्की चुहा उद्योग वाणिज्य संघ, कैलाली | ३७ | |
| २०८२।०३।२६ | पूनर्वास उद्योग वाणिज्य संघ, कञ्चनपुर | ३० | |
| | जम्मा | १४८ | |

नि. कार्यालय प्रमुख

## ११. लेखापरीक्षण तथा बेरुजुको विवरण :

गत आ.व. सम्मको अन्तिम लेखा परीक्षण सम्पन्न भएको, आ. व. २०७७।७८ को नियमित गर्नुपर्ने बेरुजु रकम रु. १२८१५ र आ. व. २०७८।७९ को नियमित गर्नुपर्ने बेरुजु रकम रु. ९५९३६९ गरी कार्यालयको अभिलेखमा जनिएको कुल बेरुजु रकम रु ९७१५५४ रहेको देखिन्छ । गत आ. व. २०८०।८१ मा बेरुजु रकम नभएको ।

| बेरुजु रकम रहेको आर्थिक वर्ष | बेरुजु रकम | बेरुजुको प्रकार |
|---|---|---|
| २०७७।७८ | १२,१८५।- | नियमित गर्नुपर्ने |
| २०७८।७९ | ९,५९,३६९।- | नियमित गर्नुपर्ने |
| जम्मा रकम | ९,७१,५५४।- | |

## १२. बजार अनुगमनको प्रभाव र आएको सुधार :

यस कार्यालयवाट उपभोक्ता हित संरक्षण एवं अनुचित व्यापारिक क्रियाकलापहरु नियन्त्रण गर्न कार्यालयले एकल तथा संयुक्त बजार अनुगमन टोलीमा सम्मिलित भई बजार अनुगमन गर्ने गरिएको छ । अनुगमनका क्रममा देखिएका कैफियतहरु सुधारका लागि निर्देशन दिनुका साथै गलत कार्यहरु निरुत्साहन गर्न कैफियत देखिएका फर्महरुलाई निरीक्षण अधिकृतले तत्काल जरिवाना गरी जरिवाना असूल गर्ने कार्य भईरहेको छ । बजार अनुगमन कारवाहीको माध्यम मात्र नभई व्यवसायी तथा आम उपभोक्ताहरुको चेतना अभिवृद्धि गर्ने औजारको रुपमा समेत लिन सकिन्छ । स्वच्छ बजार प्रवर्द्धन गर्न र बजारमा हुने गरेका अनुचित व्यापारिक क्रियाकलापहरु नियन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन गर्न बजार अनुगमनले महत्वपूर्ण प्रभाव परेको देखिन्छ । अनुगमनकै प्रभाव स्वरुप विगतको तुलनामा हाल म्याद नाघेका बस्तुहरु विक्री स्थलमा नराखी छुट्टै राख्ने र विक्री वितरण नगर्ने, विल विजक राख्ने तथा जारी गर्ने, मूल्य सूची तथा विक्रीस्थलमा व्यवसाय दर्ता प्रमाणपत्रहरु सबैले देख्ने गरी राख्ने लगायतका प्रवृतिहरु व्यवसायिक क्षेत्रमा देख्न सकिन्छ । उपभोक्ताहरु पनि आफ्नो अधिकारप्रति सजग बन्दै गएको देखिन्छ । बजारको आकार दिन प्रतिदिन ठूलो हुँदै गएको र व्यापारको प्रकृतिमा जटिलता थपिँदै गएको तर अनुगमन तथा नियन्त्रण गर्ने संयन्त्र सोही बमोजिम सुधार, सक्षम, क्रियाशिल, समन्वयकारी तथा व्यवस्थित हुन नसकेका कारण बजार अनुगमनवाट अपेक्षित प्रतिफल हासिल गर्न सकिएको छैन ।

नि. कार्यालय प्रमुख

१३ . समस्या तथा चुनौती :

- कार्यालयको कार्यक्षेत्र ठूलो रहेको तथा जिम्मेवारीको दायरा समेत फराकिलो रहेकाले मौजुदा दरबन्दी तथा सांगठनिक संरचना बमोजिम कार्यालयले सम्पादन गर्नु पर्ने व्यवसायीक नियमन कार्य तथा आपूर्ति व्यवस्था लगायत बजार अनुगमन एवं उपभोक्ता हित संरक्षण जस्ता कार्यहरु प्रभावकारी रुपमा गर्न ठूलो चुनौती छ ।

- कार्यालयमा हाल मौजुदा चारपाङ्ग्रे सवारीसाधन पुरानो भई पहाडी क्षेत्रमा लिनको लागि जोखिम भएको कारण कार्यक्षेत्रका सबै जिल्लाको समानुपातिक तवरले अनुगमन गर्न कठिनाई भएको छ ।

- कार्यालयको भवन अत्यन्त पूरानो एवं जिर्ण भई छतवाट प्लाष्टर खस्ने गरेको र जोखिम मोलेर कर्मचारीहरुले सेवाप्रवाह गर्नु परिरहेको छ । साधारण मर्मत सम्भारवाट सो समस्या समाधान हुन नसक्ने भएकाले व्यवस्थित नयाँ भवनको आवश्यकता रहेको छ ।

१४. समस्या समाधानका लागि कार्यालयको तर्फबाट गरिएका प्रयासहरु

- उल्लेखित समस्याहरु कार्यालय आफैले समाधान गर्न सक्ने प्रकृतिको नरहेको, यद्यपी उपलब्ध जनशक्तिको उच्चतम परिचालन गरी कार्यालयवाट सम्पादन गर्नु पर्ने सबै कार्यहरु यथासक्य रुपमा गुनासो नआउने गरी संचालन हुने गरेको छ ।

- कार्यालय भवनको हकमा तत्काल कायम जोखिम न्यूनीकरण गर्न समस्या रहेका कोठाहरुमा उपलब्ध बजेटवाट जिप्सम फल्स सिलिङ, डुबानमा पर्नसक्ने सम्भावना भएका कोठामा ढलान गरी सतह उठाइएको, स्टोरका सामानको सुरक्षा गर्न तथा पत्रुसामान भण्डारणका लागि जस्तापाताको ट्रस निर्माण गरिएको, कार्यालयको गेट निर्माण तथा सिँढी र वरण्डामा टाइल लगाउने जस्ता सामान्य मर्मत सम्भारका कार्य गरिएका छन ।

- बजार अनुगमन तथा अन्य कार्यक्रमको लागि पहाडी क्षेत्रमा जाँदा अन्य कार्यालयको सवारी साधन माग गरी तथा अन्य वैकल्पिक सवारी साधनको व्यवस्था गरी बजार अनुगमन गर्ने गरिएको छ ।

१५. निश्कर्ष

कार्यालयले आ.व. ०८१।८२ मा सम्पादन गरेको कार्यहरुको अभिलेख तथा उपलब्ध तथ्यका आधारमा यो प्रगती प्रतिवेदन तयार गरिएको हो । कार्यालयले वर्षभरी गरेका कामकारवाहीको तथ्याकं एवं विवरणहरु प्रतिवेदनमा समावेश भएको, कार्यालयको प्रकृति, सम्पादन हुने कामहरु, भौतिक तथा वित्तिय प्रगती लगायत कार्यालयको अन्य पक्षहरु समेत यस प्रतिवेदनले समेटेको हुदाँ यो प्रतिवेदन कार्यालय सम्बन्धी महत्वपूर्ण सूचनाको श्रोतका रुपमा लिन सकिन्छ ।

समाप्त